नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

वैशाख/जेठ २०६९ (May 2012) वर्ष १६/अङ्क १८२

## धापासी विश्रामस्थलको पर्खाल

– पाष्टर वीर बहादुर खवास

हाम्रो धर्मशास्त्र बाइबलमा दुई पुस्तकहरू एज्रा र नहेम्याह पनि छन्। यी पुस्तकहरूले आज पनि हामीलाई सन्देश दिएर आह्वान गरिरहेको छ। कतिपल्ट यस्ता पुस्तक किन र केको लागि लेखिए झैं लाग्छ। मण्डलीको काम संयुक्त रूपमा गर्नलाई यी पुस्तकहरूबाट हामीलाई प्रेरणा र चुनौती मिल्दछ। कार्तिक २०६०/नोभेम्बर २००३ को नेइम सूचना-पत्रमा "धापासी किन प्रिय" भनी सानो लेखद्वारा केही कुराहरू जानकारी गराउने मौका मिल्यो। आज नौ वर्षपछि फेरि एज्रा र नहेम्याहको पुस्तकले दिएको प्रेरणा र चुनौतीलाई अघि सार्दैछु। धापासी समिति, स्थानीय मण्डली निर्माण समितिहरू र निर्माण विभागबाट छलफल र तय गरिएको कामलाई मण्डलीको सहयोगको अपेक्षा गर्दै, हार्दिक निवेदन यही सूचना-पत्रद्वारा गरिरहेका छौं।

धापासी निवासी स्व. नर बहादुर खड्का दाईको पहलमा २०३१ चैत्र/मार्च १९७४ मा श्री खड्का भद्रकाली गाउँ पञ्चायतको करीब १३ रोपनी++ जग्गा रू. १५,००० मा श्री पी.बी. राई, श्री जनक लाल श्रेष्ठ र वीर बहादुर खवासको नाउँमा पास गरियो। दाई नरबहादुरको घर धापासीमा भएकोले यो ठाउँलाई पनि धापासी भन्न थालेछौं। २०४४ सालमा धेरै कठिनाइको सामना गर्दै, मुद्दा खेप्न परेता पनि परमप्रभु परमेश्वरले हामीलाई विजय गराउनुभयो। २०३१ तिर यो अभेग र जंगल थियो भने अहिले घना बस्तीले भरिएको छ। हाम्रा प्रियहरूलाई राखेको ठाउँ हाम्रो लागि जति नै प्रिय भएता पनि वरिपरिका छिमेकीको लागि प्रेत रहने स्थान सरह छ। हामीलाई उहाँहरूको त्रास प्रकट गर्दै राम्रा सल्लाहहरू पनि दिइराख्नुभएको छ।

<u>एज्रा १:१</u> परमप्रभुले फारसको राजा कोरेसको हृदयलाई उत्तेजित पार्नुभयो। १:५ परमप्रभुको मानिसहरूलाई परमेश्वरले परमप्रभुको भवन पुनर्निर्माण गर्नलाई उत्तेजित पार्नुभयो। मानिसहरूले आह्वानलाई स्वीकार गरेर राजीखुशीले धन सम्पत्ति र अन्य थोकहरू दिए। एज्रा ७ अध्याय पूजाहारी एज्रा र तिनको दलले यरूशलेममा परमेश्वरको भवनको पुनर्निर्माण गरे। <u>६:१५ काम गरेर सिध्याए।</u>

<u>नहेम्याह १:३</u> यरूशलेमको पर्खाल भत्काइयो। यो समाचारले नहेम्याह रोए, बिलाप गरे, उपवास बसेर स्वर्गका परमेश्वरलाई प्रार्थना गरे। १:५ आर्ट जारसेज राजालाई भने 'मेरा पुर्खाहरू गाडिएको शहरलाई मैले पुनर्निर्माण गर्न मलाई यहूदामा पठाइबक्सियोस्।' नहेम्याह १:११ उनी राजाका मद्य टक्राउनेहरूका अधिकारी थिए। १:१३ उनले राती निस्केर भत्केको पर्खालको निरीक्षण गरे। १:१७ मानिसहरूलाई आह्वान गरे। ३ अध्याय विभिन्न ४२ परिवारले खुरन्धार आफ्ना-आफ्ना भाग मर्मत गरे। यो काम ४:२० अनुसार युद्ध सरह थियो। ६:१५ एलूल महिनाको पचासौं दिनमा <u>काम गरेर सिध्याए</u>। मिल्दो छ - एज्रा ६:१५, र नहेम्याह ६:१५ काम गरी पुनर्निर्माण सिध्याए।

अब हामी नेइमले यी पाठहरूबाट धापासी-विश्रामस्थल कबरस्थानसम्बन्धी केही सुन्यौं ? केही देख्यौं ? उत्तेजित भयौं ? प्रेरणा पायौं। निश्चय पायौं। हाम्रो काँधमा आइपरेको यो ठूलो काम गर्नलाई हामीहरूले पुनर्निर्माणको अवधिभरि आसन, भाषण, रासन तथा मिटिङ्ग, सिटिङ्ग, इटिङ्गलाई नहेम्याह ६:३ मा झैं अहिले मेरो हातमा ठूलो योजना, म यो काम छोडी त्यहाँ आउन सक्तिन भन्न सके प्रभुको ठूलो इनाम र आशिषबाट बञ्चित हुन पर्दैन।

यो काम हामीले पनि छिटो सिध्याउनुपर्छ।

यर्मिया ४८:१० परमप्रभुको काम ढिलोसित गर्नेलाई सराप।

उपदेशक ९:१० तिम्रो हातमा जे काम छ, त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा जहाँ तिमी जान्छौ त्यहाँ केही गर्न सक्तैनौ।

न्यायकर्ता ५:२३ मेरोजलाई सराप किनभने तिनीहरूले परमप्रभुलाई र युद्ध गर्ने मानिसहरूलाई सघाएनन्।

१ कोरिन्थी १५:५८ पावलको प्रार्थना छ : प्रभुको काममा बढ्दैजाओ - प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।

नेइम कार्यकारिणी समिति बैठकले ११ मार्च २०१२ मा पारित गरेको छ : धापासीको सिमानाको पर्खाल बनाउने। आवश्यक रकम चारैवटा मण्डलीले जुटाउने। हामीलाई प्रभुले देखाउनुभएअनुसार निम्न प्रकारले सहभागी हुन सक्छौं :

१. आफैलाई काममा उपस्थित गराएर, रकम दिएर, <u>प्रार्थनामा साथ दिएर</u>;
२. कतिले आफैलाई काममा उपस्थित गराएर, <u>प्रार्थनामा साथ दिएर</u>;
३. कतिले रकम दिएर, <u>प्रार्थनामा साथ दिएर</u>
४. कतिले केवल <u>प्रार्थनामा साथ दिएर</u>

मर्कूस १४:८ यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छ।

<u>कामको निम्ति योग्यता</u> –

१ तपाईंको इच्छा,
२ तपाईंको समर्पण,
३. अह्राएको जे काम गर्नलाई पनि तयारी आत्मा र नम्रता।

<u>विभिन्न काम</u>– पर्खाल निर्माण, बाँस काटछाट, उम्रेको पानी जम्मा गरी उपयोग गर्ने। काम गर्नेलाई खानेकुराले बल पुऱ्याउने। स्थानीय मण्डलीहरूले आफ्नो रकम र विभिन्न व्यक्तिगत सहयोग भेटीहरू ज्ञानेश्वरमा डीकन रत्नमान महर्जनलाई बुझाउन हुन अनुरोध छ। कसले जान्ने हामीले जुटेर, जुटाएर एकसाथ लागिपऱ्यौं भने प्रभुको वर्ष जुन १५ ता. २०१२ तथा १५-६-२०१२ मा काम गरेर सिध्याइवरी प्रभुलाई धन्यवादको बली चढाउन पाउनेछौं।

संयुक्त निर्माण विभाग र धापासी समिति

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा |
| वैशाख ३० गते<br>मे १२ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>पासाङ्ग डेविड शेर्पा | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>दिल थापा |
| जेष्ठ ६ गते<br>मे १९ ता. | पाष्टर<br>महेश थाँजु | एल्डर<br>पूर्ण सुनुवार | डीकन<br>बाघमान तामाङ्ग | एल्डर<br>सिमोन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>बाबुराम के.सी. |
| जेष्ठ १३ गते<br>मे २६ ता. | डीकन<br>सिमोन पाठक | श्री<br>सरोजमान तामाङ्ग | श्री<br>पदम बहादुर राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>सिमोन खालिङ |
| जेष्ठ २० गते<br>जुन २ ता. | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर दफ्तन सादा<br>पाष्टर रोल्याण्ड रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | एल्डर<br>दिल थापा |

## नेइम मिशन विभागका गतिविधीहरू

१. मकवानपुर र धादिङ्गमा रहेका नेइम शाखा-आबद्ध मण्डलीका जवानहरूलाई २०६८ चैत्र २७ गते देखि २०६९ बैशाख ५ गते सम्म संगीत सम्बन्धी तालिम नेइम ज्ञानेश्वर चर्च, काठमाडौंमा सम्पन्न गरियो । मकवानपुरका ९ जना र धादिङ्गका ९ जना गरी जम्मा १८ जना सहभागीहरूले गिटार, किबोर्ड, भ्वायोलिन र भोकल सम्बन्धी तालिम लिनुभएको थियो । उक्त तालिमका शिक्षकहरू ए. पासाङ्ग डेविड शेर्पा, श्री प्रशान्त सिंह, श्री लाक्पा लामा र श्री प्रतिबिम्ब खालिङ हुनुहुन्थ्यो ।

२. २०६९ बैशाख २-४ सम्म नेइम बोहोरेटार चर्च, सिन्धुलीमा क्षेत्रिय अगुवा तालिम सम्पन्न भयो । उक्त क्षेत्रमा रहेका पाँचवटा मण्डली/संगतिका १७ जना अगुवाहरू सहभागी रहेको थियो । उक्त तालिममा डि. अमृता कार्थक, श्री पिटर लिम्बू र सुश्री रञ्जना ढुङ्गेलले प्रशिक्षण गर्नुभएको थियो ।

३. २०६९ बैशाख ६-८ सम्म खैरेनी जिउँदो मण्डली नामटारमा क्षेत्रिय मण्डली व्यवस्थापन तालिम सम्पन्न गरियो । यस तालिममा नेइमका पश्चिम क्षेत्रमा रहेका शाखा-आबद्ध मण्डली र अन्य छिमेकी मण्डली गरी ६ वटा मण्डलीका ६० जना सहभागी रहेको थियो । उक्त तालिममा पा. महेश थान्जु, श्री पिटर लिम्बू र सुश्री रञ्जना ढुङ्गेलले कक्षा लिनुभएको थियो ।

४. २०६९ बैशाख १८-२० सम्म गिधनिया खीष्टिय मण्डली, मोरङ्गमा क्षेत्रिय मण्डली व्यवस्थापन तालिम सम्पन्न भयो । नेइमका पूर्वाञ्चलको झापा, मोरङ्ग तथा सुनसरीमा रहेका शाखा-आबद्ध मण्डलीहरू र भारतको सिलिगुढी, आसाम र बिहारमा रहेका मण्डलीका ६० जना अगुवाहरू सहभागी हुनुभएको थियो । उक्त तालिममा पा. महेश थान्जुले मण्डली व्यवस्थापन र श्री सुनिल मुनिकारले संगीत सम्बन्धी प्रशिक्षण दिनुभएको थियो ।

माथि उल्लेखित तालिम कार्यक्रमहरूमा सहयोग पुऱ्याउनुहुने सबै शिक्षकहरू तथा प्रार्थनामा सहयोग पुऱ्याउनुहुने सबै मण्डली परिवार प्रति हामी धन्यवादी छौं ।

# साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (**बिहान ७:३०, १०:०० र १२:३० बजे**) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **वैशाख ३० गते मे १२ ता.** | पाष्टर एल.पी.न्यौपाने | श्री अनुप लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | डीकनेस् आशा तामाङ्ग |
| **जेष्ठ ६ गते मे १९ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर जमान तामाङ्ग | **संयुक्त सेवा-जोरपाटी चर्च** | | पाष्टर राजेन्द्र कुमार रोंगोंग | श्रीमती रीना तामाङ्ग | एल्डर धन बहादुर तामाङ्ग |
| **जेष्ठ १३ गते मे २६ ता.** | पाष्टर महेश थाँजु | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | एल्डर बी.एन. पण्डित | श्रीमती मीरा गुरूङ्ग | डीकन हनोक तामाङ्ग |
| **जेष्ठ २० गते जुन १ ता.** | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर एल.पी. न्यौपाने | **संयुक्त सेवा गोंगबूँ चर्च** | एल्डर धन बहादुर तामाङ्ग |

## नव दम्पत्तिलाई हार्दिक बधाई

वैशाख ६ गते/अप्रिल १८ ता. सोमबार नेइम पनौती मण्डलीको सदस्य श्री धनेश्वर सुवाल र नेइम बोहोरेटार मण्डलीको सदस्या सुश्री एलिशा नेपाली सिन्धुली झाँगाझोली, बोहोरेटार मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्री धनेश्वर तथा श्रीमती एलिशा सुवाललाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ७ गते/अप्रिल १९ ता. बिहीबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्यहरू श्री विश्व शाही र सुश्री रीता घर्तीको नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्री विश्व र श्रीमती रीता शाही लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ११ गते/अप्रिल २३ ता. सोमबार नेइम पनौती मण्डलीको सदस्यहरू श्री सूर्यलाल सुवाल र सुश्री सविता सुर्खेती पनौती मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्री सूर्यलाल् र श्रीमती सविता सुवाललाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।





वैशाख १४ गते/अप्रिल २६ ता. बिहीबार नेइम ललितपुर मण्डलीको सदस्यहरू श्री हेमन्त श्रेष्ठ र सुश्री शोभा ठकुरी ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती हेमन्त/शोभा श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख १८ गते/अप्रिल ३० ता. सोमबार पुतलीसडक, बेथशालोम मण्डलीको सदस्य श्री इजकिएल राई र नेइम ललितपुर मण्डलीको सदस्या सुश्री बिमला तामाङ्ग ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्री इजकिएल र श्रीमती बिमला राईलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मे महिनाको कार्यक्रम

१. जेष्ठ १ गते/मे १४ ता. सोमबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

२. वैशाख ३१ गते-जेष्ठ ५ गते/मे १३-१८ ता. आइतबारदेखि सोमबारसम्म नेइम शाखा आवद्ध मण्डलीका पाष्टर, अगुवा तथा मिशनेरीहरूको तालिम ज्ञानेश्वर मण्डलीमा ।

### जानकारी

चैत्र २५ गते/अप्रिल ७ ता. शनिबार ज्ञानेश्वर मण्डलीको ६२ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

वैशाख ९ गते/अप्रिल २१ ता. शनिबार जोरपाटी मण्डलीको २६ जना, जहरसिंह पौवाको ८ जना, गाम्छाको ८ र सुन्दरीजलको १६ जना गरी जम्मा ५८ जनाले नेइम जोरपाटी मण्डलीमा समर्पण गर्नुभयो ।



### जानकारी

म्हैपी बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री शम्भू लामा ५८ वर्षको उमेरमा वैशाख १२ गते/अप्रिल २४ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २४ 6<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू मुखको सुसमाचारको साथै जीवनको असल साक्षीद्वारा पनि गवाही बन्न सकून् ।<br>**३ यूहन्ना ६** | ३१ 13<br>भोलिको उपवास प्रार्थना सभाहरूमा चढाइने प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>**मत्ती ७:७-११** | ७ 20<br>शाखा/आबद्ध मण्डलीहरूमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूले प्रभुबाट सुरक्षा र सेवकाइको लागि उत्साह पाउन सकून् ।<br>**यशैया ४२:६-७** | १४ 27<br>नेपाल रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>**कलस्सी २:६-७** |
| **सोमबार Monday** | २५ 7<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरै भाग लिन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | १ जेष्ठ 14<br>मण्डलीका विश्वासीहरू रीति-विधि, धर्मकर्म साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>**प्रकाश ३:१५-१७** | ८ 21<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा ख्रीष्टको साँचो साक्षीको जीवन जिएर प्रभुको महिमा गर्नेहरू हुन सकून् ।<br>**१ पत्रुस २:९-१२** | १५ 28<br>आखिरी दिनमा संसारका धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>**मत्ती २४:३-१३** |
| **मंगलबार Tuesday** | २६ 8<br>पूर्णकालिन सेवक/सेविकाहरूले अझ बोझ, दर्शन, समर्पणता र पवित्र आत्माको अभिषेकमा सेवकाइ गर्दै जान सकून् ।<br>**यूहन्ना १५:१६** | २ 15<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउनका साथै जुवाहरू भाँचिएका होऊन् र चंगाई तथा निको हुवाई प्राप्त गर्न सकून् ।<br>**यशैया ३५:३-७** | ९ 22<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य बन्धनमा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ४६:१-११** | १६ 29<br>ख्रीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालाहरू हुन सकून् ।<br>**यूहन्ना १०:१०-१६** |
| **बुधबार Wednesday** | २७ 9<br>सबै घरेलु संगतिहरूका विश्वासीहरू एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठतामा अझ बढ्दै जान सकून् ।<br>**हिब्रू १०:२४-२५** | ३ 16<br>अधुरा परिवारमा भएका विश्वासीहरू सबै अवस्थामा स्थिर भइ परमेश्वरको प्रेममा रहिरहन सकून् ।<br>**यूहन्ना १६:३३** | १० 23<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**लूका १५:११-२४** | १७ 30<br>मण्डलीका विश्वासीहरू झूठा शिक्षा र शिक्षकको पछि लाग्नबाट पवित्र आत्मा परमेश्वरले नै जोगाऊन् ।<br>**२ यूहन्ना ७-१०** |
| **बिहीबार Thursday** | २८ 10<br>कुनै पनि परिवारमा परिवार मिलेर परमेश्वरको आदर, प्रशंसा र प्रार्थना गर्ने पारिवारिक वेदी कहिल्यै नथामिएको होस् ।<br>**यहोशू २४:१४-१८** | ४ 17<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | ११ 24<br>मण्डलीका सबै जवानहरूले परमेश्वरको बोलावट थाहा गरी आज्ञाकारी हुनलाई पवित्र आत्माले नै सहायता गरून् ।<br>**१ शमूएल ३:३:८-१०** | १८ 31<br>मण्डलीका सबै बालबालिकाहरू सानै उमेरदेखि प्रभुको आवाजलाई सुने भई भविष्यमा परमेश्वरकै महिमाको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-४** |
| **शुक्रबार Friday** | २९ 11<br>विभिन्न सेवासंगतिमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | ५ 18<br>मण्डलीलाई प्रशस्त आशिषमा डोर्‍याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>**मत्ती १३:१-८** | १२ 25<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूले चंगाई, छुट्कारा र स्वतन्त्रता पाउन सकून् ।<br>**भजनसंग्रह २२:५** | १९ 1<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र होइन तर सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकून् ।<br>**भजनसंग्रह ८४:१-६** |
| **शनिबार Saturday** | ३० 12<br>हामीलाई सजिलैसित अल्मलाउने कुराहरूलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>**हिब्रू १२:१** | ६ 19<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>**हितोपदेश ११:१** | १३ 26<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**भजनसंग्रह २५:३-५** | २० 2<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुरामा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** |